संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - ८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल फागुन १८ गते शुक्रबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका प्रतिपक्ष दलका माननीय सदस्यहरुले समय माग गर्नुहुँदै आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले क्रमशः माननीय श्री सूर्य बहादुर थापा क्षेत्री र माननीय श्री राजेन्द्र प्रसाद लिङदेनलाई समय दिनुहुँदा उहाँहरुले गत फागुन ६ गतेदेखिका बैठकमा सांसदहरुले उठाएका प्रश्नहरुको प्रधानमन्त्री स्वयम् सदनमा उपस्थित भई आगामी बैठकमा जवाफ दिन सरकारलाई सम्माननीय सभामुखबाट पटक पटक निर्देश भएको तर आजसम्ममा पनि प्रधानमन्त्रीबाट जवाफ नआएको, सरकारलाई संसदप्रति जवाफदेही बनाउनु पर्ने, बालकुमारी घटनामा सरकारी छानविन समितिले नै दोषी ठहर गरेका मन्त्रीले राजिनामा दिनुपर्ने, मिटर ब्याज पीडित, लघुवित्त पीडित साथै समयमै भुक्तानी नपाएका पीडित दुग्ध किसान, सहकारी पीडित लगायत अन्यायमा परेका नागरिकहरु प्रति सरकार जवाफदेही नभएको, रसियन सैनिकमा भर्ती भएका नेपालीहरुलाई फिर्ता ल्याउन सरकारले पहल गर्नु पर्ने लगायतका विषयमा भनाई राख्नुभयो ।

त्यसपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुले आ-आफ्नो भनाई राखिसक्नु भएकोले आशन ग्रहण गरी बैठक सञ्चालन गर्न सहयोग गर्नुहुन आग्रह गर्नुभएपछि पनि राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका दल र अन्य केही माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिएर समय माग गर्नु भएपछि सम्माननीय सभामुखले पुनः माननीय सदस्यहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुभयो । साथै, माननीय सदस्यहरुले सभामा उठाउनु भएका विषयहरुका सन्दर्भमा सरकारलाई बैठकमा उपस्थित भई जवाफ दिनको लागि यस अघिका वैठकमा स्पष्ट निर्देशन गरिसकेको जानकारी गराउनु हुँदै सभाको आज र यस अघिका बैठकमा उठेका विषयहरुको सन्दर्भमा सभाको मिति २०८० साल फागुन २१ गते बस्ने बैठकमा उपस्थित भई जवाफ दिन नेपाल सरकारलाई निर्देश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले क्रमशः माननीय श्री हरि ढकाल र माननीय श्री रामहरि खतिवडालाई समय दिनुहुँदा उहाँहरुले काठमाडौं महानगरपालिकाको सुरक्षा प्रशासनले फुटपाथ व्यवसायीमाथी गरेको ज्यादतीको नेपाल सरकारले छानविन गर्नुपर्ने, दुग्ध किसानहरुलाई तत्काल भुक्तानी दिनुपर्ने, पाँच वर्षदेखी दुबई जेलमा रहेका ओखलढुङ्गा र धादिङका दुई यूवाहरुलाई ५० लाख ब्लडमनी नदिएमा मृत्युदण्ड हुने फैसला भएकोले नेपाल सरकारले सो ब्लडमनी उपलब्ध गराई उनीहरुको जीवन रक्षा गर्नुपर्ने, हमासको अपहरणमा परेको विपिन जोशीको अवस्थाका बारेमा सरकारले जानकारी गराउनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री डोल प्रसाद अर्याल
३. मा० डा० तोसीमा कार्की
४. मा० श्री दिपक खड्का
५. मा० श्री दिपा शर्मा
६. मा० श्री दिलेन्द्र प्रसाद बडू
७. मा० श्री दुर्गा राई
८. मा० श्री देव प्रसाद तिमलसेना
९. मा० श्री देवेन्द्र पौडेल
१०. मा० श्री धन बहादुर बुढा
११. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
१२. मा० श्री नवल किसोर साह सुडी
१३. मा० श्री नारायणी शर्मा
१४. मा० श्री निर्मला कोइराला
१५. मा० श्री निशा डागी
१६. मा० श्री प्रतिमा गौतम
१७. मा० श्री प्रतिक्षा तिवारी
१८. मा० श्री प्रदिप यादव
१९. मा० श्री बद्री प्रसाद पाण्डे
२०. मा० श्री बलराम अधिकारी
२१. मा० श्री बासु देव घिमिरे
२२. मा० श्री बिन्दबासिनी कांसकार
२३. मा० श्री बिनिता कठायत

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री दिपक गिरी
२. मा० श्री रघुजी पन्त
३. मा० श्री रुपा सो.शी. चौधरी
४. मा० श्री शिव नेपाली
५. मा० श्री दिपक बहादुर सिंह
६. मा० श्री सुशिला श्रेष्ठ
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री अब्दुल खान
९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
१०. मा० श्री लालविर चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री प्रभु साह
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री रामकृष्ण चौधरी
१५. मा० श्री अस्मा कुमारी चौधरी
१६. मा० श्री रामनाथ अधिकारी
१७. मा० श्री महेश कुमार वर्तौला

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १३ बमोजिम प्रतिनिधि सभा कार्यव्यवस्था परामर्श समितिमा माननीय श्री अनिता देवीको स्थानमा माननीय श्री अब्दुल खानलाई मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउदले "विमस्टेक वडापत्र **(BIMSTEC Charter)**" प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त उक्त विधेयक प्रस्तुतकर्ता माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनु भयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यसपछि उक्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवले "निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले कार्यसूचीमा रहेको भन्सार विधेयकमाथीको छलफल कार्यक्रम विभागिय मन्त्रीबाट हटाइदिन अनुरोध भएकोले कार्यसूचीको क्रमसंख्या ५ मा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले प्रस्तुत गर्नुभएको "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८ माथि छलफल गरियोस्" भन्ने प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८" माथिको छलफलको क्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नहरुको जवाफ दिनुभयो:-

१. मा० श्री दिलेन्द्र प्रसाद बडू
२. मा० श्री संजय कुमार गौतम
३. मा० श्री प्रेम सुवाल
४. मा० डा० स्वर्णिम वाग्ले
५. मा० श्री ठाकुर प्रसाद गैरे
६. मा० श्री अम्मर बहादुर थापा

तत्पश्चात् सम्माननीय सभामुखले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरु विधेयकको अंग बनोस् भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३३ सम्म "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०८० लाई पारित गरियोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले पारित भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल फागुन २१ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको २:४५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव